## माण्डवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## जस्पुर,प्यूठान
## लुम्बिनी प्रदेश, नेपाल

मोः ८८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{info@mandavimun.gov.np
mandavimun2073@gmail.com

## माण्डवी गाउँपालिकाका गरिब असहायका लागि जस्तापातामा अनुदान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/११/२७**

माण्डवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय जस्पुर प्यूठानले विगत आर्थिक वर्षहरुमा जस्तापाता वितरणका कार्यक्रम मार्फत करिव ११ सय घरधुरीमा जस्तापाता वितरण गरि नागरिकलाई सुरक्षित बसोबासको व्यबस्था गरेको छ ।माण्डवी गाउँपालिकाले जस्तापाता वितरण कार्यक्रमलाई गाउँपालिकाकै गौरवको आयोजनाको रुपमा संचालन गर्दै आइरहेको सन्दर्भमा आर्थिक वर्ष २०७८।०७९ को हिउदे अधिबेशनमा हालसम्म पनि जस्तापाता लगाउन छुटेका माण्डवी वासिलाई जस्तापाता खरिद गरि लगाउनका लागि अनुदान दिने कार्यक्रम स्वीकृत भएकोले सो कार्यक्रमलाई पारदर्शी प्रभावकारी संचालन गर्न **माण्डवी गाउँपालिकाका गरिव असहायका लागि जस्तापातामा अनुदान सम्बन्धि कार्यविधि, २०७८** तयार पारी लागु गरिएको हुँदा उक्त अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक माण्डवी गाउँपालिका भित्र स्थायी बसोबास गर्ने गरिब, असहाय परिवारहरुले तपसिल बमोजिमका कागजात सहित सूचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०७८/१२/०३) भित्र कार्यालय खुल्ने समय भित्र माण्डवी गाउँपालिका अन्तर्गतका वडा कार्यालय तथा माण्डवी गाउँपालिकाको कार्यालय जस्पुर, प्यूठानमा आवेदन दर्ता गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ ।

**आवश्यक कागजातहरु**

१. माग निवेदन पत्र
२. नागरिता प्रमाण पत्रको प्रतिलिपि
३. जग्गाधनि प्रमाण पत्रको प्रतिलिपि
४. यस आर्थिक वर्षको सम्पत्ति कर/मालपोत कर बुझाएको रसिदको प्रतिलिपि
५. यस अघि गाउँपालिकाबाट जस्तापाता/जस्तापात अनुदान नलिएको स्व-घोषणा पत्र
६. जस्तापाता लगाउनको लागि निवेदन दिईएको घरको स्पष्ट देखिने गरि खिचिएको फोटो

**नोटः** माण्डवी गाउँपालिकाका गरिव असहायका लागि जस्तापाता वितरण कार्यविधि,२०७८ अनुसार गाउँपालिकाका करिब ३४ जना गरिब, असहाय घर परिवारलाई रु. ५५००० को दरले कार्य सम्पादनको आधारमा बैंक मार्फत भुक्तानी गरिने छ ।

शिशिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत